# तेह्रथुम पावर कम्पनी लिमिटेड
# Terhathum Power Company Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा., वडा नं. ९ राममन्दिर मार्ग बत्तीसपुतली, काठमाण्डौं
फोन : ०१–४२५३३८७, इमेलः terhathumpc@gmail.com, वेभसाइटः www.terhathumpc.com

को

## सर्वसाधारण समूहको हकप्रद शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने बारेको शिलबन्दी बोलपत्र आह्वानको सूचना

| शिलबन्दी बोलपत्र पेश गर्नुपर्ने शुरु मितिः २०८२ साउन २७ गते, मंगलबार | सर्वसाधारण समूहः ४,१८,७३८ कित्ता | शिलबन्दी बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति : २०८२ भाद्र ०३ गते, मंगलबार अपरान्ह ३:०० बजेसम्म |
|---|---|---|

तेह्रथुम पावर कम्पनी लिमिटेडको हकप्रद शेयर मिति २०८२/०३/१६ देखि २०८२/०४/११ गतेसम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा **सर्वसाधारण समूहतर्फ ४,१८,७३८ कित्ता** शेयरको लागि आवेदन नपरेकाले धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को निर्देशन नं.१५ को प्रावधानलाई आधार मानी उक्त शेयरहरु बोलकबोल बढाबढ गरी बिक्री गर्ने कम्पनीको सञ्चालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरिद गर्न इच्छुक व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०८२ भाद्र ०३ गते मंगलबार अपरान्ह ३:०० बजेभित्र** देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दरमा शेयर लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| क्र.सं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र)हरु : |
|---|---|
| १ | श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । |
| २ | श्री नबिल बैंक लि., विराटनगर, विर्तामोड, विरगञ्ज, हेटौडा, जावलाखेल, सूर्यविनायक, पोखरा, बुटवल, नेपालगञ्ज, सुर्खेत र धनगढी शाखा । |

**शर्तहरु :**

१. बोलपत्र आवेदन फाराम रु. १००/- (अक्षरेपी एक सय मात्र) भुक्तानी गरी माथि उल्लेखित संकलन केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।

२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००।- (अक्षरेपी एक सय मात्र) तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एकै व्यक्ति वा कम्पनीले विभिन्न मूल्यमा शेयर खरिदको लागि भिन्दाभिन्दै शिलबन्दी खाम भित्र आवेदन दिनुपर्नेछ । लगानी व्यवस्थापकले आफ्ना ग्राहकहरुको नामबाट आवेदन गर्दा आफ्नो आधिकारिक पत्र मार्फत तोकिए अनुरुपको सूची बनाई सम्पूर्ण आवेदकहरुको लागि गरिने लगानी रकम लगानी व्यवस्थापकले एउटा चेकमार्फत पेश गर्न सक्नेछ ।

३. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दरको अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको व्यहोरालाई मान्यता दिइनेछ ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, हितग्राही खाता नं., आफ्नो खाता रहेको बैंकको नाम र खाता नं., टेलिफोन नम्बर लगायत बोलपत्र आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

५. बोलपत्र पेश गर्दा सर्वसाधारणतर्फ न्युनतम १०० (एक सय) कित्ता शेयरको लागि आवेदन दिनुपर्नेछ । भने अधिकतम संख्याको लागि कुनै हद लाग्ने छैन । दशमलबमा (खण्डीतरुपमा) आउने गरी शेयर आवेदन गर्न पाईने छैन । रु ५ लाख सम्मको आवदेन दिनेले स्वच्छिक रुपमा र रु ५ लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो प्यान नं. (PAN No.) आवेदन फाराममा उल्लेख गर्नुपर्ने छ ।

६. सर्वसाधारण समूहको शेयरमा सवैभन्दा बढी कबोल गर्ने आवेदकलाई बोलकबोलको मान्यता अनुसार शेयर बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको भार अनुसार बाँडफाँट गरिनेछ । साथै, खण्डित रुपमा शेयर बाँकी रहन आएमा सोही भार अनुसार बाँडफाँट  गरी समायोजन गरिनेछ ।

७. शेयर आवेदन फाराम नेपाली तथा अंग्रेजी भाषामा पूर्ण रुपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम **NABIL INVESTMENT BANKING LIMITED-TERHATHUM को नाममा नबिल बैंक लिमिटेड, भाटभटेनी, काठमाडौंमा रहेको खाता नं १३२०१०१७५००३८१ मा नगद जम्मा गरी सो को सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।**

८. चेक मार्फत आवेदन गर्न "**NABIL INVESTMENT BANKING LIMITED-TERHATHUM**" को नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाको **Good For Payment** गरिएको चेक संलग्न गर्नुपर्नेछ । सो नभएको चेकलाई मान्यता दिईने छैन । साथै **Good For Payment** गर्दा लाग्ने शुल्क तथा चेक **Clearing** मा लाग्ने शुल्क आवेदक स्वयंले नै व्यहोर्नु पर्नेछ ।

९. **Swift Transfer/IPS** को माध्यमबाट रकम जम्मा गर्न चाहने व्यक्ति वा संस्थाले Swift Transfer/IPS आदेशको कपी र खातामा रकम जम्मा भएको कपी संलग्न राखी आवेदन दिन सक्नेछन् । यसरी जम्मा भएको रकम बोलपत्र पेश गर्ने अन्तिम दिनसम्ममा तोकिएको खातामा जम्मा भईसकेको हुनुपर्नेछ ।

१०. बोलपत्रदाता संगठित संस्था/फर्म/कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय तथा अख्तियारनामाको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

११. बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर "***तेह्रथुम पावर कम्पनी लिमिटेड (सर्वसाधारण समूह)***" उल्लेख गरी शिलबन्दी खाममा पेश गर्नुपर्नेछ ।

१२. प्राप्त शिलबन्दी बोलपत्रहरु तोकिएका संकलन केन्द्रहरुबाट निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा प्राप्त भए पश्चात सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईनेछ ।

१३. काबु बाहिरको परिस्थिति पर्न गई निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा समयमा बोलपत्र प्राप्त हुन नसकेमा सो व्यहोरा नियामक निकायलाई जानकारी गराई निर्देशन बमोजिम गरिनेछ । साथै, काबु बाहिरको परिस्थिति पर्न गई कुनै संकलन केन्द्रबाट बोलपत्र फाराम पठाउन नसकिने भएमा/आवेदन फराम प्राप्त नभएमा वा नष्ट भएमा नियामक निकायको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडि बढाईनेछ ।

१४. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

१५. बोलपत्र आवेदनहरुमध्ये बाँडफाँटमा नपरेको शेयर वापत जम्मा भएको रकम धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा तोकिएको समयावधिमा **IPS** मार्फत आवेदकहरुको बैंक खातामा सोझै फिर्ता भुक्तानी गर्ने व्यवस्था गरिनेछ । साथै, यस्तो फिर्ता गरिने रकममा कुनै व्याज प्रदान गरिने छैन । **IPS** मा लाग्ने शुल्क आवेदक आफैले व्यहोर्नु पर्नेछ ।

१६. यस सूचना बमोजिम निष्काशन गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि आवेदन परेको शेयर सम्बन्धित आवेदकलाई बाँडफाँट गरी बाँकी रहेको शेयर पुनः लिलाम बढाबढ गरी बिक्री गरिनेछ ।

१७. यस सूचना बमोजिम प्राप्त बोलपत्र आवेदकहरुलाई शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँट गर्ने तथा बोलपत्र आवेदन तथा शेयर बाँडफाँट सम्बन्धी कुनै द्विविधा वा विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार कम्पनीको सञ्चालक समितिमा रहनेछ ।

१८. दश लाख वा दश लाखभन्दा माथिको आवेदन दिंदा आम्दानीको स्रोत खुल्ने प्रमाणपत्र सोही आवेदनसँगै पेश गर्नु पर्नेछ ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

## NABIL INVESTMENT BANKING LTD.
**(A Subsidiary of Nabil Bank Ltd.)**

नारायणचौर, नक्साल, काठमाण्डौ । फोनः ४५११६०४/४५११७३३
Email: info@nabilinvest.com.np | URL: www.nabilinvest.com.np